नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# राजस्व अनुसन्धान विभाग

हरिहरभवन, पुल्चोक, ललितपुर

**मितिः २०७७।१२।१२**

## प्रेस विज्ञप्ती

**झुट्टा तथा नक्कली मू.अ.कर विजक प्रयोग गरी राजस्व छलि गर्ने रेणु ट्रेड इन्टरप्राइजेज समेतका तपिसलमा उल्लखित ४ वटा फर्महरुले रु. २,१७,३५,१८,१०७।- (अक्षरुपी दुई अर्व सत्र करोड पैतीस लाख अठार हजार एक सय सात मात्र) विगो असुल गरी उक्त फर्मका कारोवार संचालक, बैंक खाता संचालक तथा प्रोप्राईटरहरुलाई जरिवाना र कैद मागदावी हुन मिति २०७७-१२-११ गते उच्च अदालत पाटनमा मुद्दा दर्ता गरिएको ।**

१. **झुट्टा तथा नक्कली मू.अ.कर विजक प्रयोग गरी राजस्व छलि गर्ने सिराहा जिल्ला, कल्याणपुर न.पा. -११, घर भई हाल ललितपुर, महालक्ष्मी नगरपालिका-१ ईमाडोल, बस्ने ओ.एन.एस. इन्टरप्राइजेज (स्थायी लेखा नं. ३०१७०६५२२) का कारोवार संचालक किशोरी यादव समेत ३ जनाबाट रु. ७६,६७,८३,९३९।- (अक्षरुपी छयहत्तर करोड सत्सठ्ठी लाख त्रीरासी हजार नौ सय उन्चालीस मात्र) विगो असुल गरी जरिवाना र कैद मागदावी लिई मिति २०७७-१२-११ गते उच्च अदालत पाटनमा मुद्दा दर्ता गरिएको ।**

**ओ.एन.एस. इन्टरप्राइजेज (स्थायी लेखा नं. ३०१७०६५२२)** का **कारोवार संचालक** किशोरी यादव, उक्त फर्मको बैंक खाता संचालक बिशाल अग्रवाल लिह्ला तथा उक्त फर्मको प्रोप्राईटर प्रमिला देवी यादव समेतको मिलेमतोमा वस्तु तथा सेवा खरिद नै नगरी तथा आयात गरेको मालवस्तु भन्दा फरक मालसामान विक्री गरी झुठ्ठा तथा नक्कली मु.अ. कर विजकको कारोबार गरी मूल्य अभिवृद्धि कर र आयकर समेतको राजस्व चुहावटको कसूर गरेको देखिएको । प्रतिवादीहरुले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३ ले निषेधित एवं सोही ऐनको दफा ४ को खण्ड (क), (ख), र (छ) बमोजिम कसुर गरी **मु.अ.कर तर्फ रु.२६,५७,७४,२०२।-** र **आयकर तर्फ रु. ५०,१०,०९,७३७।-** राजस्व चुहावट गरेकोले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २(छ१) बमोजिम समेत गरी **मु.अ.कर तर्फ रु.२६,५७,७४,२०२।-** र **आयकर तर्फ रु.५०,१०,०९,७३७।- समेत कूल जम्मा विगो रु. ७६,६७,८३,९३९।- (अक्षरुपी छयहत्तर करोड सत्सठ्ठी लाख त्रीरासी हजार नौ सय**

**उन्चालीस मात्र)** राजस्व चुहावट गरेको वारदात स्थापित हुन आएकोले **ओ.एन.एस. इन्टरप्राइजेज (स्थायी लेखा नं. ३०१७०६५२२)का कारोवार संचालक** किशोरी यादव, उक्त फर्मको बैंक खाता संचालक बिशाल अग्रवाल लिह्ला तथा उक्त फर्मको प्रोप्राईटर प्रमिला देवी यादव समेत ३ जनालाई उल्लिखित कसूर अपराधमा राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३ को उपदफा (१) र (३) तथा सोही ऐन (पहिलो संशोधन -२०७६) को दफा २३(१), २३(१) को खण्ड (घ) र २३ (४) वमोजिम विगो रकम **रु. ७६,६७,८३,९३९।-** असुल उपर गरी जरिवाना र कैद सजाय हुन माग दावी लिई मिति २०७७-१२-११ गते उच्च अदालत पाटन ललितपुरमा मुद्दा दर्ता गरिएको।

२. **झुट्टा तथा नक्कली मू.अ.कर विजक प्रयोग गरी राजस्व छलि गर्ने सिराहा जिल्ला, कल्याणपुर न.पा. -११, घर भई हाल ललितपुर, महालक्ष्मी नगरपालिका-१ ईमाडोल, बस्ने रेणु ट्रेड इन्टरप्राइजेज** (स्थायी लेखा नं. ३०४९१९२४६) **को कारोवार संचालक किशोरी यादव समेत ३ जनाबाट रु.५०,६०,८२,२२०।- (अक्षरुपी पचास करोड साठ्ठी लाख वयासी हजार दुई सय वीस मात्र) विगो असुल गरी जरिवाना र कैद मागदावी लिई मिति २०७७-१२-११ गते उच्च अदालत पाटनमा मुद्दा दर्ता गरिएको ।**

**रेणु ट्रेड इन्टरप्राइजेज (-स्थायी लेखा नं. ३०४९१९२४६)** का संचालक किशोरी यादव, उक्त फर्मको कारोबारमा संलग्न विनय लिहला अग्रवाल तथा उक्त फर्मको प्रोप्राईटर रेणु कुमारी यादव समेतको मिलेमतोमा वस्तु तथा सेवा खरिद नै नगरी तथा आयात गरेको मालवस्तु भन्दा फरक मालसामान विक्री गरी झुठ्ठा तथा नक्कली मु.अ. कर विजकको कारोबार गरी मूल्य अभिवृद्धि कर र आयकर समेतको राजस्व चुहावटको कसूर गरेको देखिएको । प्रतिवादीहरुले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन,२०५२ को दफा ३ ले निषेधित एवं सोही ऐनको दफा ४ को खण्ड (क), (ख), र (छ) बमोजिम कसुर गरी मु.अ.कर तर्फ रु.**१७,१३,७०,९९६।-** र आयकर तर्फ रु. **३३,४७,११,२२४।-** राजस्व चुहावट गरेकोले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २(छ१) बमोजिम समेत गरी **मु.अ.कर तर्फ १७,१३,७०,९९६।- र आयकर तर्फ रु. ३३,४७,११,२२४।- समेत कूल जम्मा विगो रु.५०,६०,८२,२२०।- (अक्षरुपी पचास करोड साठ्ठी लाख वयासी हजार दुई सय वीस मात्र)** राजस्व चुहावट गरेको वारदात स्थापित हुन आएकोले **रेणु ट्रेड इन्टरप्राइजेज (स्थायी लेखा नं. ३०४९१९२४६) का कारोबार संचालक किशोरी यादव**, उक्त फर्मको कारोबारमा संलग्न **विनय लिहला अग्रवाल** तथा उक्त फर्मको प्रोप्राईटर **रेणु कुमारी यादव** समेत ३ जनालाई उल्लिखित कसूर अपराधमा राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३ को उपदफा (१) र (३) तथा सोही ऐन (पहिलो संशोधन -२०७६) को दफा २३(१), २३(१) को खण्ड (घ) र २३(४) वमोजिम विगो रकम **रु.**

**५०,६०,८२,२२०।-** असुल उपर गरी जरिवाना र कैद सजाय हुन माग दावी लिई मिति २०७७-१२-११ गते उच्च अदालत पाटन ललितपुरमा मुद्दा दर्ता गरिएको।

३. **झुट्टा तथा नक्कली मू.अ.कर विजक प्रयोग गरी राजस्व छलि गर्ने सिराहा जिल्ला, कल्याणपुर न.पा. -११, घर भई हाल ललितपुर, महालक्ष्मी नगरपालिका-१ ईमाडोल, बस्ने रुपम ट्रेड कन्सर्न (स्थायी लेखा नं. ३००३१८९८६) का साझेदार तथा कारोवार संचालक किशोरी यादव समेत ३ जनाबाट रु.४९,१८,६०,५२६।- (अक्षरुपी उनान्पचास करोड अठार लाख साठी हजार पांच सय छवीस मात्र) विगो असुल गरी जरिवाना र कैद मागदावी लिई मिति २०७७-१२-११ गते उच्च अदालत पाटनमा मुद्दा दर्ता गरिएको ।**

**रुपम ट्रेड कन्सर्न (स्थायी लेखा नं. ३००३१८९८६)** का **साझेदार तथा कारोवार संचालक** किशोरी यादव, उक्त फर्मको कारोबारमा संलग्न विनय लिहला अग्रवाल तथा उक्त फर्मको साझेदार उमेश कुमार सिंह समेतको मिलेमतोमा वस्तु तथा सेवा खरिद नै नगरी तथा आयात गरेको मालवस्तु भन्दा फरक मालसामान विक्री गरी झुठ्ठा तथा नक्कली मु.अ. कर विजकको कारोबार गरी मूल्य अभिवृद्धि कर, आयकर तथा लाभासं समेतको राजस्व चुहावटको कसूर गरेको देखिएको । प्रतिवादीहरुले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३ ले निषेधित एवं सोही ऐनको दफा ४ को खण्ड (क), (ख), र (छ) बमोजिम कसुर गरी मु.अ.कर तर्फ रु. **१८,२४,४०,२१५।-**, आयकर तर्फ रु. **२६,९६,९५,३४३।-** र **लाभाशं कर तर्फ रु.३,९७,२४,९६८।-** राजस्व चुहावट गरेकोले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २(छ१) बमोजिम समेत गरी **मु.अ.कर तर्फ रु. १८,२४,४०,२१५।-, आयकर तर्फ रु.२६,९६,९५,३४३।- र लाभाशं कर तर्फ रु.३,९७,२४,९६८।- समेत कूल जम्मा विगो रु. ४९,१८,६०,५२६।- (अक्षरुपी उनान्पचास करोड अठार लाख साठी हजार पांच सय छवीस मात्र)** राजस्व चुहावट गरेको वारदात स्थापित हुन आएकोले **रुपम ट्रेड कन्सर्न (स्थायी लेखा नं. ३००३१८९८६) का साझेदार तथा कारोवार संचालक किशोरी यादव**, उक्त फर्मको कारोबारमा संलग्न **विनय लिहला अग्रवाल** तथा उक्त फर्मको साझेदार **उमेश कुमार सिंह** समेत ३ जनालाई उल्लिखित कसूर अपराधमा राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३ को उपदफा (१) र (३) तथा सोही ऐन (पहिलो संशोधन -२०७६) को दफा २३(१), २३(१) को खण्ड (घ) र २३ (४) वमोजिम विगो रकम **रु. ४९,१८,६०,५२६।-** असुल उपर गरी जरिवाना र कैद सजाय हुन माग दावी लिई मिति २०७७-१२-११ गते उच्च अदालत पाटन ललितपुरमा मुद्दा दर्ता गरिएको।

४. **झुट्टा तथा नक्कली मू.अ.कर विजक प्रयोग गरी राजस्व छलि गर्ने सिराहा जिल्ला, कल्याणपुर न.पा. -११, घर भई हाल ललितपुर, महालक्ष्मी नगरपालिका-१ ईमाडोल, बस्ने आरजु**

**इन्टरनेशनल (स्थायी लेखा नं. ३०३८८७१४२) का कारोवार संचालक किशोरी यादव समेत ३ जनाबाट रु. ४०,८७,९१,४२२।- (अक्षरुपी चालीस करोड सतासी लाख एकानब्बे हजार चार सय वाईस मात्र) विगो असुल गरी जरिवाना र कैद मागदावी लिई मिति २०७७-१२-११ गते उच्च अदालत पाटनमा मुद्दा दर्ता गरिएको ।**

**आरजु इन्टरनेशनल (स्थायी लेखा नं. ३०३८८७१४२)** का **कारोवार संचालक** किशोरी यादव, उक्त फर्मको बैंक खाता संचालक विनय लिहला अग्रवाल तथा उक्त फर्मको प्रोप्राईटर मूर्तिदेवी सिंह समेतको मिलेमतोमा वस्तु तथा सेवा खरिद नै नगरी तथा आयात गरेको मालवस्तु भन्दा फरक मालसामान विक्री गरी झुठ्ठा तथा नक्कली मु.अ. कर विजकको कारोबार गरी मूल्य अभिवृद्धि कर तथा आयकर समेतको राजस्व चुहावटको कसूर गरेको देखिएको । प्रतिवादीहरुले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३ ले निषेधित एवं सोही ऐनको दफा ४ को खण्ड (क), (ख), र (छ) बमोजिम कसुर गरी मु.अ.कर तर्फ रु. **१३,३०,०२,०७८।-** र आयकर तर्फ रु. **२७,५७,८९,३४४।-** राजस्व चुहावट गरेकोले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २(छ१) बमोजिम समेत गरी **मु.अ.कर तर्फ रु. १३,३०,०२,०७८।-** र **आयकर तर्फ रु.२७,५७,८९,३४४।- समेत कूल जम्मा विगो रु. ४०,८७,९१,४२२।- (अक्षरुपी चालीस करोड सतासी लाख एकानब्बे हजार चार सय वाईस मात्र)** राजस्व चुहावट गरेको वारदात स्थापित हुन आएकोले **आरजु इन्टरनेशनल (स्थायी लेखा नं. ३०३८८७१४२) का कारोवार संचालक** किशोरी यादव, उक्त फर्मको बैंक खाता संचालक विनय लिहला अग्रवाल तथा उक्त फर्मको प्रोप्राईटर मूर्तिदेवी सिंह समेत ३ जनालाई उल्लिखित कसूर अपराधमा राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३ को उपदफा (१) र (३) तथा सोही ऐन (पहिलो संशोधन - २०७६) को दफा २३(१), २३(१) को खण्ड (घ) र २३ (४) बमोजिम विगो रकम **रु. ४०,८७,९१,४२२।-** असुल उपर गरी जरिवाना र कैद सजाय हुन माग दावी लिई मिति २०७७-१२-११ गते उच्च अदालत पाटन ललितपुरमा मुद्दा दर्ता गरिएको।

**सूचना अधिकारी**
**राजस्व अनुसन्धान विभाग**